# समुदाय स्तरमा

# कोभिड सहजीकरण समूह

# परिचालन सम्बन्धि मार्ग निर्देशन

*(स्वीकृत मिति ०७ मंसिर २०७७)*

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मंसीर, २०७७

*"कोरोना रोकथाममा, समूह टोलटोलमा"*

# समुदाय स्तरमा
# कोभिड सहजीकरण
# समूह परिचालन सम्बन्धि मार्ग निर्देशन

## पृष्ठभूमि:

काठमाण्डौं उपत्यका लगायत अन्य प्रमुख व्यापारिक केन्द्रहरू रहेका जिल्लाहरूमा संक्रमण उच्च स्तरमा फैलिएको र अन्य जिल्लाहरूमा पनि फैलिने क्रम बढि रहेको तथ्यलाई दृष्टिगत गर्दै संक्रमणको दरलाई घटाउन समुदायको सहभागितामा रोग रोकथाम तथा नियन्त्रणका कृयाकलापहरू संचालन गर्नु अत्यावश्कय देखिएकाले यो मार्ग निर्देशन जारी गरिएकोछ।

## उद्देश्य:

- समुदाय स्तरमा क्वारेन्टिन तथा आइसोलेसनमा बस्ने व्यक्तिहरूले मापदण्डको पालना गर्न उत्प्रेरित तथा निगरानी गर्नु,
- कोभिड-१९ का बारेमा जनचेतना फैलाएर समुदायस्तर जनस्वास्थ्यका मापदण्डहरूको पालना गराउन सहजीकरण गर्ने ।

## समूह गठन:

- हरेक टोलमा कम्तीमा एउटा समूह गठन गरिनेछ,
- एक समूहले बढीमा ५० घरको निगरानी गर्नु पर्नेछ सो भन्दा बढी भएमा हरेक ५० घर का लागि अर्को समुह गठन गरिनेछ,
- टोल विकास/सुधार समिति मार्फत परिचालन गरिनेछ भने उक्त समिति नभएको अवस्थामा अन्य संगठित संस्थाहरू (क्लब, उपभोक्ता समितिहरू, गुठी आदि) मार्फत परिचालन गरिनेछ,

- आवश्यकता अनुसार महिला स्वास्थ्य स्वयं सेविका, सामाजिक परिचालक, शिक्षक, स्वास्थ्यकर्मी, स्थानीय क्लब, आमासमुह तथा गुठीका सदस्यहरू प्राथमिकतामा समावेश गर्नु पर्नेछ।
- हरेक समिति/समूहमा कम्तीमा ५ जना स्थानीय सदस्यहरू रहने छन्, आवश्यकता अनुसार थप परिचालन गर्न सकिनेछ।
- यी समुहहरूको गठन, परिचालन तथा निगरानी टोल विकास/सुधार समिति वा सम्बन्धित संस्थाले वडा अध्यक्षको प्रत्यक्ष निर्देशन तथा अनुगमनमा गर्नु पर्नेछ।

## समूहको जिम्मेवारी:

- कोभिड-१९ संक्रमितहरू तथा निजहरूको निकट सम्पर्कमा आएका व्यक्तिहरुको अद्यावधिक विवरण राखि निजहरूलाई आवश्यकता अनुसार स्वास्थ्य परामर्श दिने, आवश्यक सहयोग उपलब्ध गराउने, स्थानीय तह तथा परिक्षण केन्द्रहरूमा सम्पर्क गर्न आवश्यक सहयोग गर्ने, **स्व-एकान्तबास (क्वारेन्टिन/आइसोलेसनमा) बसे नबसेको अनुगमन गर्ने** आदि,
- स्व-क्वारेन्टाइन/होम/होटल आइसोलेसनमा बसेका व्यक्तिहरूलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धि जानकारी उपलब्ध गराउने तथा परामर्श दिने,
- संस्थागत क्वारेन्टाइन/आइसोलेसन आवश्यक पर्ने व्यक्तिहरूको पहिचान गरी स्थानीय तह सँग समन्वय गर्ने,
- स्व-क्वारेन्टाइन/होम/होटल आइसोलेसनमा बसेका व्यक्तिहरूलाई तोके बमोजिमको अन्तरालमा फलोअप गर्ने र तोकिएका फारामहरूमा सूचना अद्यावधिक गर्न कन्ट्याट ट्रेसिङ समूहलाई सहयोग गर्ने,
- महामारी विरुद्धको अभियानमा स्थानीय संघ संस्था, क्लब, शिक्षकहरू, गुठी सदस्यहरू तथा स्वयं सेवकहरू पहिचान गरि परिचालन गर्ने,
- टोलमा कोभिड-१९ सम्बन्धित जनचेतना अभिबृद्धि गर्ने,

- भौतिक दुरी, घर बाहिर मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानहरूमा हातको सरसफाई लगायत नेपाल सरकारले तोकेका जनस्वास्थ्य लगायत अन्य मापदण्डहरू पालना भए नभएको अनुगमन गर्ने र कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाउने,
- टोलमा अनावश्यक भीडभाड र भेला नगर्न सचेत गराउने, बढी भीडभाड हुने स्थान र समयमा अनुगमन गर्ने,
- ६० वर्ष माथिका जेष्ठ नागरिक, दीर्घ रोगीहरू (दम, क्यान्सर, मुटु, श्वासप्रश्वास सम्बन्धि समस्या आदि) भएका व्यक्तिहरूलाई घर बाहिर नजान र जानै पर्ने अवस्था भएमा अनिवार्य रूपमा मास्क (मेडिकल मास्क) प्रयोग गर्न र अन्य सहजीकरण गर्ने आदि।

## जिम्मेवारी तथा अनुगमनः

- समूहले प्रगति तथा अन्य चुनौतीहरूको नियमित प्रतिवेदन सम्बन्धित वडा अध्यक्षलाई गर्नु पर्नेछ,
- समूहले समुदायस्तरमा समाधान गर्न नसकिने विषयहरू वडा अध्यक्ष वा सम्बन्धित पालिकाको स्वास्थ्य संयोजक सँग समन्वय गर्नु पर्नेछ।
- समुहहरूको गठन तथा परिचालनका लागि आवश्यक सहजीकरण गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ,
- स्थानीय तहले वडा अध्यक्षको सहयोगमा कार्य प्रगतिको नियमित अनुगमन गर्नु पर्नेछ,
- वडा अध्यक्षहरूले कार्य प्रगति तथा अन्य चुनौतीहरूको नियमित समिक्षा गरी स्थानीय तहमा समाधान गर्ने र पालिका तहमा समाधान गर्ने विषयहरू पालिका प्रमुख र स्वास्थ्य संयोजकलाई जानकारी गराउने।

**प्राविधिक जानकारी सम्बन्धमा:**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार तथा पालिकाहरूबाट प्राविधिक जनशक्तिहरूले तालीम तथा अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ,
- यसका अतिरिक्त कोभिड-१९ का लागि समर्पित/स्थापित ११३३, १११५ (टोल फ्री) लगायतका अन्य कल सेन्टरहरूमा सम्पर्क गरी थप जानकारी वा व्यवस्थापकीय पक्षहरूमा सहयोग लिन सकिनेछ।

■